# विहादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### वहाकीठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या: २०८२-०८३
चलानी न.:

मिति: २०८२/०४/२८

**वैदेशिक रोजगार सम्बन्धी कल्याणकारी सेवा प्रवाह सम्बन्धी सूचना।**

**सुचना नं. : ८**

वैदेशिक रोजगार नियमावली, २०६४ बमोजिम, वैदेशिक रोजगारीमा श्रम स्वीकृति लिएर गएका कामदारहरूलाई प्रदान गरिने कल्याणकारी सेवाहरू अब स्थानीय तह अन्तर्गतको रोजगार सेवा केन्द्रमार्फत उपलब्ध गराइने व्यवस्था गरिएको छ। यस अन्तर्गत, वैदेशिक रोजगार बोर्ड सचिवालयले प्रदान गर्ने सेवाहरूको लागि विहादी गाउँपालिका रोजगार सेवा केन्द्रले सहजीकरण प्रदान गरिने व्यहोरा जानकारीको लागि अनुरोध छ।

**१. वैदेशिक रोजगारमा रहेका कामदारहरूको लागि उपलब्ध सेवा:**

- विदेशमा अलपत्र परेका कामदारहरूको उद्धारको पहल।
- विदेशमा मृत्यु भएका कामदारको शव स्वदेश ल्याउन सहजीकरण।
- अंगभंग भएका कामदारलाई तोकिएको आर्थिक सहायता।
- मृत्यु भएका कामदारका परिवारलाई तोकिएको आर्थिक सहायता।
- मृत्यु वा पूर्ण अशक्त कामदारका सन्तानलाई छात्रवृत्ति सिफारिस।
- परिवारका सदस्यहरूलाई (अल्जाइमर, पार्किन्सन, मुटु रोग, क्यान्सर, मृगौला फेल भएमा) उपचार खर्चमा सहायता।

**२. स्वदेश फर्किएका कामदारहरूको लागि उपलब्ध सेवा:**

- विभिन्न सीपमूलक तालिमहरूमा सहभागी हुन सिफारिस।
- पुनः श्रम स्वीकृति विवरण अद्यावधिक गर्न आवश्यक सहजीकरण।

यस सूचना मार्फत, वैदेशिक रोजगारमा गएका वा फर्किएका सबै कामदार, उनका परिवार तथा सरोकारवालाहरूलाई विहादी गाउँपालिका रोजगार सेवा केन्द्रमा सम्पर्क गरी सेवा लिन हार्दिक अनुरोध गरिन्छ।

***(स्वदेशमै रोजगारी गरौं। वैदेशिक रोजगारमा जानुपर्दा सहि सूचना लिएर, सीप सिकेर, र अनिवार्य श्रम स्वीकृति लिएर मात्र जानुहोस्।)***

थमन बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत